बाणगङ्गा मासिक बुलेटीन

वर्षः२०७८ अंकः३ महिनाः श्रावण पानाः १२

असार ०२ गतेदेखि चलेको बाणगङ्गा नगरपालिकाको नवौं नगरसभा अधिवेशन असार २१ मा सम्पन्न

बाणगङ्गा नगरपालिकाको नवौं नगरसभाको अधिवेशन (तेस्रो बैठक) यही २०७८ साल असार २१ गते नगर प्रमुख मंगल प्रसाद थारूज्यूको अध्यक्षतामा सम्पन्न भएको छ । उक्त कार्यक्रममा नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न वडाका वडाध्यक्ष, नगरसदस्यहरु,

नगरपालिकाका विभिन्न शाखाका शाखा प्रमुख तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा बाणगङ्गा नगरपालिकाकोसँगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) नगर उपप्रमुख चक्रपाणि अर्यालले नगरसभामा प्रस्तुत गर्नु भएको थियो । त्यसैगरी नगरपालिकाका विधेयक समिति संयोजक तथा वडाध्यक्ष ध्रुव बेल्बासेले साविकमा स्थानीय निकायमा स्थायी रुपमा सेवा प्रवेश गरी नगरपालिकामा सरुवा, समायोजन तथा पदस्थापन भएका र समायोजन हुँदाका बखत वढुवा तथा स्तरबृद्धि नभएका अनवरतरुपमा नगरपालिकामा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीहरुको वृत्ति विकासको लागि स्तरबृद्धि गरिने उद्देश्यका साथ "कर्मचारी समायोजन व्यवस्थापन सम्बन्धमा

व्यवस्था गर्न बनेको ऐन, २०७८" नवौ नगरसभा अधिवेशनको तेस्रो बैठकमा पेश गर्नु भएको थियो ।

साथै पर्यटन विकास एवं वैदेशिक समन्वय समिति संयोजक तथा वडाध्यक्ष गुणानिधि

क्रमशः.....

सम्पादकीय

सङ्घीयता कार्यान्वयनको आधारभूत विन्दुको रुपमा रहेको स्थानीय तह राज्यको उपस्थितिको वास्तविक अनुभूति दिलाउने जनताको समिपको संयन्त्र हो । यसले प्रवाह गर्ने सेवा जनमैत्री, विकास दिगो र मागमा आधारित हुनुको साथै शासन सहकारीतामूलक हुनु अपरिहार्य मानिन्छ ।

बाणगङ्गा नगरपालिकाले सूचनाको Proactive Disclosureलाई संस्थागत गरी सेवाग्राही र आम जनता समक्ष तथ्यपरक सूचनाको सहज पहुँच सुनिश्चित गर्न बुलेटीन प्रकाशन गर्ने अभियानको निरन्तरताको रुपमा यो श्रावण अङ्क सम्पूर्ण सरोकारवाला समक्ष ल्याएका छौँ ।

यस बीचमा हाम्रो नगरपालिकाले सम्पादन गरेका प्रमुख कामहरु, विकास, सेवा प्रवाहको वास्तविक चित्र र अहिलेको अवस्था सहितको तथ्यपरक सूचनाले हाम्रा नगरबासी र सरोकारवालाहरु लाभान्वित हुनुहुनेछ भन्ने विश्वास पनि लिएका छौं । यसको उद्देश्य सूचनाको खुलापन मात्र नभै तथ्यपरक, वास्तविक सूचनामा आम नागरिकको सहज पहुँच मार्फत सूचनाको हकलाईसम्मान गर्दै सुशासनलाई संस्थागत गर्नु पनि हो ।

यसबाट नगरपालिका, आमसञ्चार जगत, सेवाग्राही, नागरिक एवं सरोकारवाला बीच सुमधुर सम्बन्ध कायम हुनुका साथै विकास एवं सेवा प्रवाहमा साझा धारणा निर्माण गरी कार्यान्वयना योग्य वातावरण तयार गर्दै त्यसको स्वामित्व दायरा समेत फराकिलो हुनेछ भन्ने विश्वास लिएका छौँ ।

न.पा.को यस अभियानमा जोडिनु हुने सम्पूर्णलाई हार्दिक आभार व्यक्त गर्दछु । यसका साथै आगामी दिनमा रचनात्मक सुझाव र समालोचनात्मक दृष्टिकोण सहितको सहकार्यको पनि अपेक्षा गर्दछु ।

नवौं नगरसभा.....

भुसालले कोभिड-१९को दोस्रो लहरको माहामारी व्यवस्थापनमा सहयोग गर्नुहुने सम्पूर्णलाई विशेष आभार, प्रभावित तथा ज्यान गुमाउने प्रति श्रद्धान्जली व्यक्त गर्दै वर्षायाम सँगै नदीकटान, बाढी तथा भू-क्ष्य जोखिम उच्च रहेकोले सरोकारवाला सम्पूर्णलाई आवश्यक सहयोग तथा सहकार्यका लागि आह्वान गर्दै जोखिमपूर्ण क्षेत्रमा बसोबास गर्ने समुदायलाई विशेष सर्तकता अपनाउन अनुरोध गर्दै नगरपालिकाको समसामयिक तथा सार्वजनिक महत्वका प्रस्तावहरु प्रस्तुत गर्नु भएको थियो । सभाको अन्त्यमा नगर प्रमुख मंगल प्रसाद थारुले २०७८ असार २ गतेदेखि शुरु भएको बाणगङ्गा नगरपालिकाको नवौं नगरसभा अधिवेसनको तेस्रो बैठकसम्म विभिन्न कार्यक्रममा सक्रिय रुपमा सहभागी भई व्यवस्थित र मर्यादित ढंगबाट नगर सभालाई अगाडी बढाउन महत्वपूर्ण सहयोग पुराउनुहुने सबै सरोकारवाला व्यक्ति तथा संस्थाहरुलाई विशेष धन्यवाद दिदैं नवौं नगरसभा अधिवेशनको समापन भएको घोषणा गर्नुभएको थियो ।

बाणगङ्गा नगर भित्रका ६ वटा सहकारी एकिकरण

श्री कृषि बहुउद्देश्यीय सहकारी संस्था लि. बाणगङ्गा- ८ बोडगाउँ, श्री सिनर्जी बचत तथा ऋण सहकारी संस्था लि. बाणगङ्गा-७ बनगाई, श्री अभियान कृषि सहकारी संस्था लि. बाणगङ्गा -११ भड्डिहवा, श्री घरघरमा बचत तथा ऋण सहकारी संस्था लि. बाणगङ्गा-८ बोडगाउँ, श्री उज्जल महिला कृषि सहकारी संस्था लि. बाणगङ्गा-८, बोडगाउँ, श्री बुद्ध महिला बचत तथा ऋण सहकारी संस्था लि. बाणगङ्गा-८, चप्परगाउँ सहित ६ वटा विभिन्न कार्यक्षेत्रका सहकारीहरु एक आपसमा एकिकरण भइका छन् । बाणगङ्गा नगरपालिकाको सहकारी ऐन, २०७५को दफा ६५ बमोजिम एकिकरण गर्न सकिने व्यवस्था र सोही अनुसार बाणगङ्गा नगरपालिकाको सहकारी एकिकरण सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत भएको । कार्यविधिको दफा ७ बमोजिम एउटै सहकारी संस्थामा एकिकरण हुन चाहने संस्थाहरुले पूर्व स्वीकृत लिनुपर्ने व्यवस्था भए बमोजिम आफ्नो साझा अवधारणा सहित पेश गरिएका दस्तावेज बमोजिम मितिः२०७७।०७।०४ मा पूर्व स्वीकृति लिईसकेका थिए ।

एकिकरणको लागि पूर्व स्वीकृत लिंदा पेश गरिएको ७ वटा संस्थाहरुको नाम आएता पनि एकिकरण प्रक्रियाबाट नवज्योति कृषि महिला बहुउद्देश्यीय सहकारी संस्था हथौसा फिर्ता भएको कारण छ वटा संस्थाहरु समयोजन भई सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको नाउँमा एकिकरण भएका छन् ।

सहकारी एकीकरण छुट्टा छुट्टै संस्था एउटै बनाउने कार्य भएको हुनाले साना-साना पुँजी एकत्रित हुन्छ । धेरै वटा कार्यालय सञ्चालन गर्नु पर्दैन । सदस्य सेवा बिस्तार गरी कर्मचारीहरुको पूर्ण क्षमताको उच्चतम प्रयोग गर्न सकिन्छ । साधारणसभा एकै स्थानमा गर्न सकिन्छ र खर्च कम हुन्छ । खर्चहरु घट्ने हुनाले सञ्चालन लागत कम हुन्छ । लागत कम हुनु भनेको मुनाफामा बृद्धि हुनु हो । मुनाफामा बृद्धि भएपछि राज्यलाई आयकर बृद्धि हुन्छ भन्दै नगर प्रमुख श्री मंगल प्रसाद थारु र नगर उपप्रमुख श्री चक्रपाणी अर्यालले हार्दिक बधाई सहित संयुक्त रुपमा प्रमाण पत्र हस्तान्तरण गर्नुभएको थियो ।

प्रमुख प्रशासकीय अधिकृत श्री बासुदेव खनालले प्रमाणपत्रमा हस्ताक्षर गर्दै सहकारी एकिकरण जस्तो महत्वपूर्ण कार्यमा सफल हुनुभएकोमा सबै एकिकरण हुने सबै संस्थाका पदाधिकारी, शेयर सदस्यहरु र एकिकरणको लागि कार्यदलको अध्यक्षको जिम्मेवारीमा रहनुभएका लक्ष्मण बेल्वासेलाई हार्दिक बधाई दिनुभएको छ ।

बाणगङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना

जेष्ठ नागरिक | एकल महिला | अशक्त/अपाङ्ग | लोपोन्मुख जाति | बालबालिका

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७८ सालको श्रावण १ गते देखि भाद्र मसान्त सम्म आफ्नो स्थायी ठेगाना रहेको वडामा स्वयं वा संरक्षक / माथवर उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नविकरण गरौं ।

तोकिएको समयमा नविकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले परिचय-पत्र नवीकरण गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७को परिच्छेद-२को ४ (१) मा उल्लेख भए बमोजिम चालु आ.व. मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले भत्ता प्राप्त गर्न चाहेमा प्रत्येक आर्थिक वर्षको भाद्र मसान्तभित्र अनुसूची - २ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यलयमा नविकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था रहेको हुँदा यस बाणगंगा नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले २०७८ सालको श्रावण १ गतेदेखि भाद्र मसान्तसम्ममा सम्बन्धित वडा कार्यालयमा गई परिचयपत्र नवीकरण गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । यदि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण नगरी भत्ता छुट्न गएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

बाणगङ्गा सहकारीहरुको वित्तिय अवस्था

शेयर पूँजी	३९५७३३२२३
जगेडा कोष	११६६५८३३५
अन्य कोष	११७९२७२९३
बचत निक्षेप	१५७५३१९३०८
तिर्नुपर्ने संस्थागत ऋण	११४४१७३०३
भुक्तानी दिनुपर्ने अन्य दायित्व	२२२२९०७७
तिर्नुपर्ने कर	१६४२७१९
अन्य दायित्व	६६२७३४८
नगद	२१७६६२१४
बैंक	३०५६०३८५१
अन्य संस्थामा लगानी	१८१७०३०४
सदस्यहरुलाई ऋण लगानी	२९४४०९४५२३
पाउनुपर्ने हिसाव	३८४६५२८१
अफिस सम्पत्ति	९८१५९००१
अन्य सम्पत्ति	१५४७०३७४
स्टक सामान मूल्य	३३०११८३
स्थीर सम्पत्ति	६१७१२७७२

वर्षे धानवालीको लागि आवश्यक रासायनिक मल प्रयाप्त भएकोले सम्बन्धित सहकारीहरूमा सम्पर्क गर्नुहुन र अन्य समस्या भएमा बाणगङ्गा नगरपालिकाको कृषि शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

महिला उद्यमी सृजना गर्दै लक्षित वर्गका कार्यक्रम

महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक, दलित, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुका क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको छ । जस अन्तर्गत महिला सहकारी संस्था र सोही अन्तर्गत रहेका निगरानी समूहका लागि लैंगिक हिंसा, सामाजिक कुरीति, कुप्रथा, बालबिवाह तथा मानव बेचविखन जस्ता समाजमा घटेका घटनाको प्रस्तुतीकरण र अन्तर्क्रिया कार्यक्रम चौमासिक रुपमा सञ्चालन भएको छ । नगरपालिकाले स्थानीय तहको स्थानीय लैंगिक हिंसा निवारण कोष र विपतमा परेका तथा अन्य बालबालिकाको उद्धार तथा पुनस्थापना कोष सञ्चालनमा ल्याएको छ । लैंगिक तथा घरेलु हिंसामा परेका व्यक्तिहरु, अनाथ बालबालिका, विपन्नताको कारणले शिक्षाबाट बञ्चित बालबालिका, सडक तथा बालश्रममा परेका बालबालिकाहरुको उद्धार तथा पुनस्थापनाका लागि उक्त कोष खडा गरिएको छ । अपांगता भएका व्यक्तिहरुका लागि ह्वीलचियर, बैशाखी तथा सेतो छडी जस्ता सहायक सामाग्री वितरण गरिएको छ । सीप तथा क्षमता विकास कार्यक्रम अन्तर्गत ११ जना अपांगता भएका व्यक्तिहरुलाई ३ महिने आधारभूत कम्प्युटर तालिम र पाँच जना अपांगता भएका व्यक्तिलाई विभिन्न व्यवसाय सञ्चानल गर्नका लागि आवश्यक सामग्री सहयोग गरिएको छ ।

ज्येष्ठ नागरिकहरुलाई परिवार र समाजमासम्मान जनक तरिकाले बस्नको लागि नयाँ र पुरानो पुस्ताबीच अन्तर्पुस्ता ज्ञान सीप

हस्तान्तरण तथा संस्कृति सम्बर्धन कार्यक्रम सञ्चालन गर्नुका साथै नगरपालिकाको प्रत्येक वडामा दिवा सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्री वितरण गरेको छ । नगरभित्र रहेका १५ वटा सामुदायीक माध्यमिक विद्यालयमा पुगी कक्षा ८ र ९ का छात्र / छात्राहरुलाई बालबिवाह न्यूनीकरण, बालविवाहका कारण प्रजनन स्वास्थ्यमा पार्ने असरका बारेमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ । कार्यक्षेत्रमा आइपर्ने कानुन सम्बन्धी कुरालाई सहज रुपमा समाधान गर्नका लागि महिला जनप्रतिनिधिहरुलाई महिला कानुनी अधिकारका बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ । ११ जना एकल महिलाहरुलाई आत्मनिर्भर गराउनका लागि झोला बनाउने तालिम सञ्चालन गरेको र उक्त तालिम पश्चात झोला सिलाउने मेसिन समेत अनुदानको रुपमा हस्तान्तरण गरिएको छ । ३२ जना दलित युवाहरुका लागि हलुका सवारी ड्राइभिङ्ग तालिम सञ्चालन गरेको छ । नगरभित्र रहेका महिला लघु उद्यमीहरुको सञ्चाल गठन भएको छ ।

बाणगङ्गा नगरपालिका वडा नं. २ र ६को वडा कार्यालय नव निर्मित प्रशासनिक भवन

बाणगङ्गा नगरपालिकाद्वारा ९५.३% योजना सम्पन्न

बजेट रकम अनुसार कार्यान्वयन भएका योजनाहरु

क्र.सं.	रकम	जम्मा योजना
१	५० हजारसम्म	३१
२	५० हजार - १ लाख	८५
३	१ लाख - २ लाख	११२
४	२ लाख - ३ लाख	५९
५	३ लाख - ५ लाख	७०
६	५ लाख - १० लाख	६१
७	१० लाख - १५ लाख	२९
८	१५ लाख - २० लाख	१८
९	२० लाख - ३० लाख	२१
१०	३० लाख - ५० लाख	१९
११	५० लाख भन्दा माथि	२२
जम्मा		५२७

आर्थिक वर्ष २०७७।०७८ मा कुल योजना ५५३ मध्ये ५२७ योजना सम्पन्न भएका छन् । योजनाको संख्याको हिसाबले हेर्दा करिब ९५.३% योजनाहरु सम्पन्न भएको देखिएको छ। जस अर्न्तगत सडक तर्फ १९३, सिंचाईतर्फ ४३, शिक्षातर्फ ५७ लगायत अन्य योजनाहरु उर्जा, सञ्चार तथा खानेपानी र अन्य सार्वजनिक निर्माण गरी २३४ वटा योजनाहरु यस आर्थिक वर्षमा सम्पन्न भएका छन्।

सुरक्षित नागरिक आवाश कार्यक्रममा २३४ घरधुरीलाई जस्तापाता वितरण

संघीय सरकार सशर्त कार्यक्रम सुरक्षित नागरिक आवाश कार्यक्रमबाट नगरका करीव २३४ घरधुरीहरुलाई खरको छाना मुक्त गराई सम्भावित विपतका जोखिमहरुको व्यवस्थापन गरिएको छ ।

नगरपालिकाको सबै वडाहरुमा मा जस्ता पाता वितरण गरिएको छ भने ती वडाका अन्य घरधुरीहरु र अन्यवडाका सबै घरधुरिहरुका छानामा जस्ता पाता लगाउने कार्यलाई क्रमशः निरन्तरता दिईने छ ।

वर्षेनी हिँउदयाममा आगलागीका घटनाहरुबाट ठूलो जनधनको क्षति हुने गरेकोमा सुरक्षित नागरिक आवाश जस्ता कार्यक्रमहरुले केही हदसम्म क्षति न्यूनीकरण गर्ने आशा राखिएको छ ।

वडाहरुबाट तर्जुमा हुने योजनाहरुमा समेत सुरक्षित नागरिक आवास कार्यक्रमहरुलाई प्राथमिकता दिई जस्तापाता वितरण हुने गरेको छ ।

सहकारी आधारशिला कार्यक्रम संचालनको लागि नगरपालिका र नेफ्सकुन बीच प्रारम्भिक सम्झौता पश्चात पदाधिकारीहरुसंग तस्वीर

नगरप्रमुख श्री मंगल प्रसाद थारुद्वारा खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ कपिलवस्तुका अध्यक्ष राजेन्द्र बिक्रम शाहलाई नगरको सूचनामूलक डायरी प्रदान गर्दै

(९७ हेक्टरमा वृक्षारोपण ५० हेक्टरमा सिँचाई)
दशहजार सातसय विरुवा वितरण

बाणगङ्गा नगरपालिकालाई प्राप्त शसर्त बजेट अन्तर्गत रहेको फलफूल दशकबाट स्थानीय तहमा फलफूलका विरुवा वितरण ५०% अनुदान र बहुक्षेत्रीय पोषण कार्यक्रम गरी करीव १०हजार ७सय ६० विभिन्न जातका फलफूलका विरुवाहरु वितरण भएका छन् ।

वितरण भएको फलफूलका विरुवाहुरु मध्ये अमरपाली आँप २७००, दशहरी माल्दा ३०००, लिँचि २७००, कागती १९६० र मेवा ५०० गरी जम्मा १०७६० विरुवा वितरण गरिएको छ ।

आर्थिक वर्ष २०७७।०७८को शसर्त कार्यक्रम अन्तर्गत कृषि शाखाबाट वितरण गरिएका फलफूलका विरुवाहरुले करीव नगरको ०.४२% क्षेत्रफल हरियाली हुने अनुमान गरिएको छ ।

आँप ५७ हेक्टर, लिंची २७ हेक्टर, कागती १० हेक्टर, मेवा ३ हेक्टर गरी करीव ९७ हेक्टर फलफूलका विरुवाहरुले हरियाली बनाउन सक्ने वितरण गरिएको विरुवाहरुको आधारमा प्रारम्भिक तथ्याङ्क निलालिएको छ ।

त्यसैगरी साना सिँचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम तर्फ १४ वटा स्यालोट्यूवेल, पम्पसेट, ४ वटा मोटर, २ वटा पम्पसेट, ४ वटा कूलो मर्मत, १ वटा थोपा सिँचाई गरी ५० हेक्टर जमिनमा सिँचाईको पहुँच स्थापित गरिएको छ। कोभिड विशेष कृषि कार्यक्रम अर्न्तगत ८१ जना कृषक/ कृषि फार्मलाई ५०% वा बढीमा ३५००० अनुदानमा स्प्रे मेसिन २१ थान, धान/घाँस काट्ने हाते मेसिन ७ थान, चारा काट्ने मेसिन २६ थान, दाना पिस्ने मेसिन ७ थान, मिनी टिलर १५ थान, पम्पसेट ४ थान, डिजिटल तराजु १ थान, समर सेट पम्प १ थान, कम्बाइन मिल २ थान र मकै छोडाउने मेसिन ३ थान वितरण गरिएको छ । त्यसैगरी धान उत्पादन प्रवर्द्धन कार्यक्रम अर्न्तगत १७ वटा कृषक/ समुह/ कृषि सहकारी/ कृषि फर्महरुलाई धान बालीमा आवश्यक पर्ने रिपर, कम्बाइन मिल, पम्पसेट, स्प्रेयर, पावर टिलर, लेभलर, कल्टीभेटर लगायतका उपकरण ५०% अनुदानमा विरण गरिएको छ ।

बाणगङ्गा नगरपालिका अन्तर्गत ११ वडाका विभिन्न ३३ वटा घरधुरीहरुलाई बाख्राका माउ वितरण

बहुक्षेत्रीय पोषण कार्यक्रममा पोषणयुक्त सामाग्री वितरण

बाणगंगा नगरपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रमतर्फ विभिन्न कार्यक्रमहरु सम्पन्न भएका छन् । विभिन्न वडाका सुनौलो हजार दिनका गर्भवती महिला तथा सुत्केरी आमाहरुको लागि २७५ थान पोषण झोला, २७५ प्याकेज व्यक्तिगत सरसफाई सामाग्री, १३३ फिल्टर, १३६५ चल्ला वितरण गरिएको छ ।

सोही कार्यक्रम अर्न्तगत विद्यालय र स्वास्थ्य संस्थाहरुमा ११ वटा पोषण कर्नर जडान गरिएको छ । पोषण कर्नरबाट संस्थाहरुमा सेवा लिन आउने सेवाग्राहीहरुलाई विशेषगरी सुनौला १००० दिनमा लिनुपर्ने पोषक युक्त खानाहरुको बारेमा जानकारी गराई प्रदर्शन गरिएको हुन्छ । हरेकबार खाना ४ भन्ने जानकारी उपलब्ध गराउनको लागि यो पोषण कर्नरको निकै महत्व रहेको हुन्छ ।

वितरण गरिएका पोषण झोलामा मह १ के.जी., घ्यु ०.५ के.जी., चना २ के.जी., अन्डा १ क्यारेट, पिठो २ के.जी., आयोडिन नुन २ के.जी., सर्वोत्तम पिठो १ पेक, रहेको थियो ।

न्यायिक समितिको अधिकार क्षेत्र

१. न्यायिक समितिलाई देहायका विवादको निरुपण गर्ने अधिकार हुनेछ :

क) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,

ख) अर्काको बाली नोक्सानी गरेको,

ग) चरन, घाँस, दाउरा,

घ) ज्याला मंजुरी नदिएको,

ङ) घरपालुवा, पशुपंक्षी हराएको वा पाएको,

च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,

छ) नाबालक छोराछोरी वा पतिपत्नीलाई ईज्जत आमद अनुसार खान लाउन वा शिक्षा दिक्षा नदिएको,

ज) वार्षिक पच्चिस लाखसम्मको बिगो भएको घरबहाल र भर बहाल सुविधा,

झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,

ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिकबाटोमा पानी झारेको,

ट) सँधियारको जग्गा तर्फ झ्याल राखि घर बनाउनु पर्दा कानुन बमोजिम छोड्ने पर्ने परिमाणको जग्गा नछोडी बनाएको,

ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुंदै आएकोबाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटीपौवा, अन्त्यष्टी स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्याएको,

ड) सङ्घीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरुपण हुन भनी तोकेका अन्य विवाद ।

२. न्यायिक समितिलाई देहायका विवादहरुमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरुपण गर्ने अधिकार हुनेछ:

क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाकको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको,

ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,

ग) पति-पत्नीबीचको सम्बन्ध विच्छेद,

घ) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुनसक्ने कुटपिट,

ङ) गाली बेइज्जती

च) लुटपिट

छ) पशुपंक्षी छाडा छाडेका वा पशुपंक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको,

ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको

झ) अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको

ञ) ध्वनि प्रदुषण वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुर्याएको

ट) प्रचलित कानुन बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद

प्लास्टिक टनेल- बेमौसमी तरकारी

नेपालमा सामान्यतया प्लास्टिक टनेल तथा बाँसको प्लास्टिक घर बढी प्रचलित छ। सामान्यतया ५ मिटर चौडाई र २० मिटर लम्बाईको प्लास्टिक घर राम्रो मानिन्छ। प्लास्टिक घरको निर्माण गर्दा भने बिज्ञहरुको सहयोग लिनु आवश्यक छ। प्लास्टिक घर भित्र सापेक्षित आद्रता ७०देखि ९० प्रतिशत र तापक्रम करिब २० डिग्री सेल्सियस हुनु बिरुवाको वृद्धि विकासका लागि उपयुक्त मानिन्छ।

प्लास्टिक घरभित्र खेति गरिने मुख्य तरकारीहरू :

प्लास्टिक घरभित्र सबै प्रकारका तरकारी बालीहरु लगाउन सकिन्छ। विशेषत बेमौसममा बढी मूल्य जाने तरकारी बालीहरु प्लास्टिक घरमा लगाउने गरिन्छ। सामान्यता गोलभेडा, काक्रो, खुर्सानी, सिमि, भन्टा, सागपात, भिंडी, काउली, बन्दा, फर्सि, लौका, करेला तथा केराउ लगायतका तरकारीहरू प्लास्टिक घरमुनि लगाउने चलन बढ्दो छ।

जग्गा तथा प्लास्टिक छनोट :

सामान्यतया समुद्री सतहदेखि ५००देखि १७०० मिटरको उचाई, प्रशस्त सूर्यको प्रकाश पर्ने तथा जोडले हावा नचल्ने क्षेत्र प्लास्टिक घर भित्र तरकारी खेति गर्न राम्रो मानिन्छ । भिरालो र बर्षामा भेल पस्ने तथा पानि जम्ने ठाउँमा प्लास्टिक घर बनाउनु हुँदैन।

प्लास्टिक छनोट गर्दा भने उचित प्रकाश छिर्ने ९०देखि १२० जी.एस.एमसम्मको प्लास्टिक प्रयोग गर्न सकिन्छ। धेरै बाक्लो प्लास्टिक प्रयोग गर्दा प्लास्टिक घरभित्र प्रकाश कम पर्ने हुन्छ जुन उपयुक्त मानिदैन।

टनेलको फाईदा के हो ?

वर्षाको पानी रोक्न र हिउँदमा चिसोबाट जोगाउन । बर्षातको बेला डडुवा रोगबाट बचाउँन । मलखाद, बिषादी, भिटामिनको खपत राम्रोसँग हुन्छ हानी नोक्सान भएर जाने सम्भावना कम हुन्छ । उत्पादन वृद्धि हुन्छ, गोलभेँडाको हकमा प्रति वर्ग मिटर १२देखि २० के.जी. अनि ६०००देखि १०,०००सम्म प्रति रोप्ने लिन सकिन्छ तर खुल्ला मा भने मात्र ३०००देखि ४०० के.जी. मात्र फ़लाउन सकिन्छ ।

बिरुवा मा रोग किराको संक्रमण नहुदा बिरुवाको आयु बढ्छ र उत्पादन समेत बढ्छ ।

प्लास्टिक टनेल कति उचाईसम्म बनाउन सकिन्छ ?

८००देखि २६०० मिटर उचाई भएको स्थानसम्ममा गर्न सकिन्छ तर १२०० मिटरदेखि २००० मिटर राम्रो हुन्छ ।

टनेल कस्तो ठाउँमा निर्माण गर्ने ?

बारी वा खेत तर पानी नजम्ने वा पानीको निकाश सजिलै हुने ठाउँ उपयुक्त हुन्छ ।

भिरालो जमिन राम्रो हुन्छ तर ठिक्कको भिरालो छ भने एक पाखे प्लास्टिक घर बनाउदा राम्रो हुन्छ ।

दिन भरि घाम लाग्ने पारिलो स्थान, सिंचाईको राम्रो व्यवस्था भएको, सेपिलो ठाउँ राम्रो हुँदैन, पानी जम्ने, भेल आउने जमिन उपयुक्त हुँदैन ।

प्लास्टिक घर कति छेत्रफलको राम्रो हुन्छ ?

चौडाई ५ मिटर बढीमा ६ मिटर र लम्बाई २० मिटर बढीमा ३० मिटर

प्लास्टिक घरको उचाई ?

मध्ये पहाडी छेत्रको लागि (८०० देखि १६०० मिटरसम्म)

बिचको मुख्य खाबाको उचाई १० फिट, जमिन भित्र गाड्ने २ फिट, जमिन माथिको उचाई ८ फिट, छेउको खाबाको उचाई ८ फिट भित्र गाड्ने २ फिट जमिन माथिको उचाई ६ फिट ।

एक पोलदेखि अर्को पोलको दुरी २.५ मिटर (५ मिटर चौडाई भएमा), एक

पोलदेखि अर्को पोलको दुरी ३ मित्र यदि ६ मिटर चौडाई भएमा ।

घरको आकार ?

उच्च पहाडको लागि गुमोज आकार, मध्ये पहाडीको लागि दुई पाखे गोठ जस्तो ।

बलोको आवस्यकता ?

एक प्लास्टिक घरमा तिन लहर पोल हुन्छन् जसमा एक लहर र दुई लहर बलेशी हुन्छन् । अत : प्रतेक पोलको लहर मा एक एक वटा बलोको आवस्यकता पर्छ प्रत्येक पोललाई बलासँग राम्ररी बाध्नु पर्छ ।

छानो मा भाटा राख्दा के गर्ने ?

एउटा २० मिटर लम्बाई ५ मिटर चौडाई घरमा एक भाटाबाट अर्को भाटाको दुरी ४० से मिको फरक मा राख्दा ५० वटा भाटाको आवस्यकता पर्छ । ५० वटा बनाउनको लागि ९ वटा बाँसको आवस्यकता पर्छ ।

बाणगङ्गा नगरपालिकाको असार महिना तथा आर्थिक वर्ष २०७७।७८को राजश्व आम्दानी

आम्दानी शिर्षक	असार महिना	आ.व.०७७।७८
सम्पत्ति कर	४६२२९९	५८५२९५६
भुमिकर/मालपोत	१७७७७	५८०१०८
घर बहाल कर	२३६३८२	२९५५३४८
बहाल बिटौरी कर	३५२००	२४७६५७६
व्यवसाय रजिष्ट्रेशन दस्तुर	१०२००	३२१७५१०
सरकारी सम्पत्ति बहालबाट प्राप्त आय	२४००	१४९८१००
विद्युत सेवा शुल्क	३०३००	१८६६००
अन्य सेवा शुल्क	०	११२३९८९६
शिक्षा क्षेत्रको आम्दानी	०	४९५००
नक्सा पास दस्तुर	०	२८६७४५०
सिफारिस दस्तुर	५४३८६०	८०७२५७६
नाता प्रमाणित दस्तुर	२७१००	१९९८००
अन्य दस्तुर	७३८३०	९७५५९५
प्रशासनिक दण्ड जरिवाना दस्तुर	२८००	३४६०९६८
व्यक्तिगत घटना दर्ता दस्तुर	११४००	७०३००
जम्मा	१४५३५४८	४३७०३२८३

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी सम्बन्धी विवरण

यस बाणगंगा नगरपालिकामा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन कार्य अनलाईन सफ्टवेयरमा लगत प्रविष्ट गर्ने कार्य निरन्तर भई रहेको छ । जस अन्तर्गत वडा नं. २, ४,५, ६, ७,८ र ९ वडाहरुको लगत प्रविष्टि गर्ने कार्य सम्पन्न भई सकेको छ भने वडा नं. ३, १० र ११को प्रविष्टि गर्ने प्रक्रियामा रहेको छ ।

वडा नं.	भुमिहिन दलित	भुमिहिन सुकुम्वासी	अव्यवस्थित वसोवासी	कुल जम्मा	दर्ता सम्पन्न	रित पुगेको नदेखिएका
१	७६	१९६	३७९	६५१	प्रक्रियामा	
२	१२०	५६७	७९३	१४८०	१३४८	११५
३	४०	२१६	४५२	७१२	दर्ता बाँकी	
४	३३	८५	६३६	७५४	६११	१२२
५	१९	९३	२१६	३२८	२९६	३२
६	५७	५९	१९८	३१४	२२७	९७
७	३४	३६२	६३१	१०२७	९७२	५४
८	१७६	४४२	६८०	१२९८	११३०	१५७
९	७४	८१	४३५	६१८	५२५	६५
१०	८५	५२४	९८५	१५९४	प्रक्रियामा	
११	७९	२६६	६६४	१००९	दर्ता बाँकी	
जम्मा	७९३	२८९१	६०६८	९७५२	३९३५	६४२

शैक्षिक गतिविधि

आधारभूत तहका विद्यालयहरुका लागि विद्यालयका शैक्षिक सूचना अध्यावधिक गर्ने सम्बन्धि २०/२० जनाको दुई समूहमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

आ.व. २०७७।०७८ मा सञ्चालित प्रतियोगितात्मक कार्यक्रममा विभिन्न स्थान हासिल गर्न शिक्षक तथा विद्यार्थीका लागिसम्मान तथा पुरस्कार वितरण कार्यक्रम सञ्चालन

कक्षा ८ स्थानीय पाठ्यक्रम पाठ्यपुस्तक निर्माणका लागि विषयवस्तु सम्पादनका लागि कार्यशाला बैठक सञ्चालन

नगरभित्र विभिन्न संस्थाहरुद्वारा संचालित एम्बुलेन्सको सम्पर्क नम्वरहरु

सि.नं.	संचालक संस्थाहरुको नाम	सम्पर्क नम्बर
१	पिपरा अस्पताल	९८४७०३६५८६
२	नेपाल रेडक्रस सोसाईटी-बाणगंगा	९८४७०३३०५३
३	शान्ति श्रृजना युवा नेपाल	९८५७०३६४८९
४	बाणगंगा यातायात व्यवसायी समिति	९८५७०५४२५५
५	सि एण्ड सि अस्पताल	९८५७०१६४११
६	कपिलवस्तु जेसिस	९८५७०५००२२

बालमैत्री स्थानीय शासन आचार संहिता

बाल बचाउँ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता बाल अधिकारका क्षेत्रहरूलाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति नै बालमैत्री स्थानीय शासन हो ।

आजका बालबालिकाले नै भोलि समाजको नेतृत्व गर्ने, समृद्ध समाज निर्माणमा सहयोग गर्ने भएको हुँदा बालबालिकाको अधिकार सुनिश्चित गर्दै उनीहरुलाई आवश्यक सेवा प्रवाह र गुणस्तरमा उल्लेखनीय सुधार गरी वर्तमानको साझेदारको रुपमा स्थापित गर्दै भविष्यमा सक्षम नागरिक बनाउनका लागि बाणगङ्गा नगरपालिकालाई २०७८ श्रावण २० गते बालमैत्री घोषणा गर्ने तयारी भइरहेको छ ।

बालमैत्री नगर निर्माण कार्य केवल नगरपालिका, वडा कार्यालय र जनप्रतिनिधिहरुको पहलबाट मात्र सम्भव नहुने हुँदा यस नगर अन्तर्गतका सम्पूर्ण घरपरिवार, राजनीतिक दल, संघसंस्था, विद्यालय, शिक्षक, बालबालिका, बालक्लब, स्वास्थ्य संस्था लगायत सम्पूर्ण सरोकारवालाहरुको संयुक्त प्रयासबाट मात्र सम्भव हुन्छ । तसर्थ बालमैत्री नगर निर्माणका लागि वहु सरोकारवालाहरुको प्रतिनिधिमूलक सहभागितामा तयार गरिएको निम्नानुसारको बालमैत्री आचार संहिता हामी सबै नगरवासीले पालन गरी बालमैत्री वडा र नगर निर्माणमा प्रतिवद्ध बनौ ।

जिल्ला समन्वय समिति र नगरपालिकाको संयुक्त टोली बालमैत्री स्थानीय शासन कार्यक्रमको अनुगमन गर्दै

बालबालिकाले पालना गर्ने आचार संहिता

- विद्यालय उमेरका हामी सम्पूर्ण बालबालिका नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय जाने
- आफनो कर्तब्य प्रति सधै सचेत रहने
- विद्यालय हाताभित्र विद्यालयको बालमैत्री नियमको पालना गर्दै उच्छृङ्खल व्यवहार नगरी अनुशासित बन्ने ।
- बालसमूहहरुमा सक्रिय सहभागीता जनाउँदै कसैलाई कुनै पनि किसिमको भेदभाव नगर्ने।
- विद्यालय र समुदाय स्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रिया कलापहरुमा सहभागी हुने।
- निर्धक्क रुपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्ने र कर्तव्यको बारेमा सचेत हुने ।
- बालविवाहको लागि कुनै पनि अवस्थामा मञ्जुरी नहुने र अन्यत्र हुन लागेमा वडा कार्यालयमा जानकारी दिने ।
- बालबालिकाका आधारभूत आवश्यक्ताहरु पोषिलो खाना, आवाश, स्वास्थ्य, शिक्षा, अवसर, माया, संरक्षण लगायतका बालअधिकारका विषयहरुबारे जानकारी राख्दै अरुलाई पनि सिकाउने ।
- अपाङ्गता भएका बालबालिकालाई सहयोग गर्ने
- बजारिया खाना भन्दा घरायसी खाना खाने ।
- बाल दुर्व्यवहार, विभेद, श्रम शोषण विरुद्ध आवाज उठाउने
- यातायातका साधनमा जथाभावी नझुण्डिने, ट्राफिक नियमको पालना गर्ने ।
- आफूले नबुझेको र नजानेको कुरा शिक्षक तथा आफ्नो अभिभावकलाई सोध्ने
- आफूसंग सम्बन्धित पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुने ।
- अनुशासनहीन कार्यमा सहभागी नहुने
- गाउँ घरमा हुन लागेको तथा भइरहेको वालविवाह, बालयौन दुर्व्यवहार तथा बालश्रम जस्ता कुराहरु हुन नदिने सोको जानकारी सम्बन्धित वडा कार्यालयलाई दिने ।
- समय तालिका अनुसार पढ्ने लेख्ने, खेल्ने, सुत्ने ।
- आधुनिक प्रबिधिको उचित प्रयोग गर्ने ।
- सुर्ती जन्य, मादक पदार्थको प्रयोग तथा खरिद बिक्री एवम् दुर्व्यसनमा संलग्न नहुने ।
- बालअधिकारको हनन भएको अवस्था देखेमा सम्बन्धित वडामा खबर पुर्याउने ।
- अपरिचित व्यक्तिको ललाई फकाइ तथा प्रलोभनमा नफस्ने ।
- आफू आवद्ध रहेको वा आफूलाई बोलाइएको सामाजिक संस्थाको बैठकमा नियमित र सक्रिय सहभागी हुने
- बालसमूह मार्फत बाल सहभागिता अभिबृद्धिमा पहल गर्ने
- दिसा पिसावको लागि चर्पीको प्रयोग र चर्पीको सरसफाइ गर्ने ।
- विद्यालय हाताभित्र सरसफाइ राख्न सहयोग गर्ने
- व्यक्तिगत सरसफाईमा ध्यान दिदै हात धुनु पर्ने अवस्था बुझ्ने र कार्यान्वयन गर्ने ।
- वतावरणीय सरसफाइमा ध्यान दिने ।
- पोषिलो खानेकुरा खाने, भाइ वहिनी र साथीलाई पनि खानको लागि प्रेरित गर्ने ।
- ६ महिनासम्मको बालबालिकालाई आमाको दुध मात्र खुवाउनका लागि अभिभावकलाई सचेत गराउने।
- आवश्यक परेको खण्डमा सुरक्षित हुदै घरपरिवारको ज्येष्ठ सदस्यको अनुमति लिएर मात्र बाहिर निस्कने।
- विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाइ सप्ताह लगायतका राष्ट्रिय अभियानहरुमा बालसमूह मार्फत सक्दो जनचेतना गर्न र सहयोग गर्ने
- साना भाई बैनीलाई बाल विकास केन्द्रमा भर्ना गर्न अभिभावकलाई प्रेरित गर्ने ।
- आफूभन्दा ठूलालाई आदर र सानालाई माया गर्ने ।
- आफूभित्र रहेको प्रतिभा प्रस्फुटनका लागि सक्रिय रहने

अभिभावकले पालना गर्ने आचार संहिता

- विद्यालय उमेरका हाम्रा छोरी छोराहरुलाई नियमित रुपमा विद्यालय पोशाकमा विद्यालयमा पठाउने ।
- आफ्ना छोरी छोरालाई आवश्यक खेलकूद तथा पाठ्य सामग्रीको ब्यवस्था गर्ने
- विद्यालयमा समय समयमा अनुगमन गरी पूर्ण शैक्षिक वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्ने।
- बालबालिकालाई अनुशासित र योग्य बनाउन बालसमूह तथा संस्कार सदनमा सहभागी हुन प्रेरित गर्ने।
- समुदाय र विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रेरित गर्ने ।
- बालविवाह, बालयौन दुर्व्यवहार, बालश्रम जस्ता कार्य नगर्ने गर्न पनि नदिने तथा सो देखिएमा सम्बन्धित निकायमा सूचना दिने ।
- बालबालिकालाई बालअधिकार र कर्तव्यका कुराहरु सिक्न प्रेरित गर्दै अवसर पनि प्रदान गर्ने।
- अपाङ्गता भएका बालबालिकाहरुको आवश्यकताको पहिचान गरी सहयोग पुर्याउन पहल गर्ने ।
- छोरा छोरीमा विभेदपूर्ण व्यवहार नगर्ने,सम्मान जनक शब्दहरुको प्रयोग गर्ने ।
- अभिभावक समक्ष निर्धक्कसँग बालबालिकाले आफ्नो कुरा राख्न सक्ने वातावरण सिर्जना गर्ने ।
- उमेर सँगसगै हुने शारीरिक र मानसिक परिवर्तन बारे यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी उचित जानकारी दिने
- आफ्नो घरमा कुनै पनि बालबालिकाको बालविवाह नगर्ने र गर्न पनि नदिने
- बालश्रममा नलगाउने र लगाउनेहरूलाई पनि सचेत गर्ने
- पढ्न लेख्न, खान, सुत्न, खेल्न र सञ्चार आधुनिक प्रविधिको उचित प्रयोग गर्न समय तालिका बनाउने।
- नियमित स्वास्थ्य परिक्षण गर्नुका साथै खोप लगाउने व्यवस्था मिलाउने ।
- मादक पदार्थ तथा सुर्ती जन्य पदार्थको

बालमैत्री स्थानीय शासन क्रमशः.....

खरिद विक्रिमा बालबालिकालाई संलग्न नगराउने ।
- कुलत तथा दुर्व्यसनमा फस्न नदिनुका साथै घरपरिवार तथा समुदायमा त्यस्तो अवस्थालाई निरुत्साहित गर्ने ।
- अपरिचित व्यक्तिको ललाइ फकाइ तथा प्रलोभनमा नफस्न बालबालिकालाई सचेत गराउने ।
- बालबालिकालाई हिंसा दुर्व्यवहारबाट कसरी बच्ने जानकारी दिने ।
- बालसमूह तथा बालबालिका आवद्ध भएको सामाजिक संघ संस्थाको कार्यक्रम तथा बैठकमा अर्थपूर्ण सहभागीताको लागि प्रेरित गर्ने ।
- सुलभ तथा बालमैत्री शौचालयको व्यवस्था गरिदिने ।
- स्वच्छ खानेपानीको ब्यवस्था गर्ने र हात धुने बानी सिकाउने ।
- नियमित सरसफाइ जस्तै नङ काट्ने, कपाल कोर्ने,काट्ने, ब्रस गर्ने, साबुन पानीले हात धुने, नुहाउने आदि कुराको ख्याल गर्ने ।
- समयमा खाजा र सन्तुलित भोजनको व्यवस्था मिलाइदिने ।
- बालबालिकाको जन्म दर्ता बनाई समयमा विद्यालय भर्ना गर्ने,
- बालबालिकालाई असल संस्कार दिने।
- साना बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गर्ने ।
- डर, त्रास तथा अनावश्यक रुपले नहप्काउने
- बालमैत्री स्थानीय शासनको प्रवर्द्धन, घोषणा तथा निरन्तरता गर्ने कार्यमा पूर्ण रुपमा प्रतिवद्धताका साथ लाग्ने ।
- बालबालिकालाई घरायसी आदरसम्मान सम्बन्धी बानीको विकास गराउने
- आफ्ना छोरी छोरालाई कम्तीमा ६ महिनासम्म पूर्ण स्तनपान गराउने ।

विद्यालय/संघ संस्था तथा ब्यापारीले पालना गर्ने आचार संहिता

- प्रत्येक विद्यालयका सेवा क्षेत्रभित्र रहेका विद्यालय उमेर समूहका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयको पहुँचमा ल्याउने ।
- विद्यालय निर्धारित समयसम्म तथा प्रचलित कानुनको अधिनमा रही विद्यालय सञ्चालन गर्ने ।
- विद्यालयमा बालबालिका, अभिभावक र शिक्षकले पालना गर्नुपर्ने नीति नियमको बारेमा सचेत गराउने ।
- बालबालिका तथा अभिभावकलाई बालसमूहको महत्वबारे सचेत गराउने ।
- घर परिवार तथा समाजमा बालमैत्री वातावरण सिर्जना गर्न अभिप्रेरित गर्ने ।
- बालबालिकाहरु माथि हिंसा, दुर्व्यवहार, बालश्रम शोषण गर्नेलाइ दण्डित गर्ने र रोक्न सचेतना फैलाउने।
- दण्ड रहित र बालमैत्री वातावरणमा पठन पाठन गर्ने ।,
- बालअधिकारको संरक्षण गर्ने ।
- बालबालिका तथा अभिभावकहरुलाई बालअधिकार सम्बन्धी सचेत गराउने ।
- गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने ।
- संघ संस्थामा निर्माण गरिने भौतिक संरचना बालमैत्री तथा अपाङ्गमैत्री बनाउने
- वडा, नपाको योजना छनौट प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गराउने ।
- शिक्षक, बालबालिका र अभिभावक वीच अन्तरक्रियाको ब्यवस्था गर्ने
- बालविवाह र बालयौन दुर्व्यवहारलाई अन्त्य गर्न सधैँ प्रयासरत रहने ।
- समुदायमा बालस्वास्थ्य सम्बन्धी सचेतना जगाउनुको साथै व्यक्तिगत सरसफाइ र पोषण सम्बन्धी जानकारी गराउने ।
- धुम्रपान, मद्यपान, सुर्ती जन्य सामग्रीहरू खरिद बिक्री ओसार पसार गर्न बालबालिकालाई नलगाउने ।
- बिद्यालय हाताभित्र धुम्रपान, मद्यपान, सुर्तीजन्य सामाग्रीहरु प्रयोग नगर्ने र आसपास क्षेत्रमा बिक्री बितरण पनि नगर्ने
- बालअधिकार हननका घटनाहरु अनुगमन गर्दै त्यसको समाधानका लागि आवश्यक पहल गर्ने ।
- निर्माण, यातायात, होटेल, उद्योग ब्यापार आदिमा बालश्रम निषेध गर्ने
- बालबालिकाहरुको सान्दर्भिक सहभागिता गराउने ।
- बालबालिकाका लागि नियमित वजेट विनियोजन गर्ने
- विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, बालसमूह तथा विभिन्न सामाजिक संरचनामा बालबालिकालाई संस्थागत अर्थपूर्ण सहभागीता गराउने ।
- बालमैत्री अपाङ्ग मैत्री र छात्रमैत्री शौचालयको ब्यवस्था गरिदिने ।
- स्वच्छ पिउने पानीको व्यवस्था गर्नुको साथै सरसफाइ सम्बन्धी सचेतना जगाउने ।
- पोषणयुक्त खानेकुरा र सन्तुलित भोजनको विषयमा अभिभावक तथा बालबालिकालाई सचेत गराउने।
- घरबाट बाहिर निस्किदा बालबालिका माथि हुन सक्ने दुर्व्यवहार र त्यसबाट बच्ने उपाय बारे सचेत गराउने।
- जन्म दर्ता अभियान, विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाइ सप्ताह लगायतका राष्ट्रिय अभियानहरु सञ्चालन गर्ने ।
- उमेर पुगेका बालबालिकालाई मात्र बालविकास केन्द्र, विद्यालयमा भर्ना गर्ने
- बालविकास केन्द स्थापना तथा सञ्चालन गर्ने
- बालमैत्री लगानी योजना तर्जुमा र कार्यान्वयन गर्ने
- बालमैत्री स्थानीय शासन अभियानको सफलताका लागि पूर्ण रुपमा समर्पित हुने ।
- घरायसी आदरसम्मान बारे बाल बालिकालाई क्षमता विकास गर्ने
- बाल सहभागिता गराउँदा अभिभावकको स्वीकृति लिने
- बालमैत्रीमा आधारित अतिरिक्त क्रियाकलाप गरी बालबालिकालाईसम्मानित गर्ने

स्थानीय तहले पालना गर्ने आचार संहीता

- वडा, नपालाई बालमैत्री घोषणा तथा निरन्तरताका लागि कुलपूँजिगत वजेटको कम्तिमा १० प्रतिशत बिनियोजन गर्ने ।
- बाल उधान निर्माण गर्ने ।
- विद्यालयको अवस्था अनुगमन गर्ने
- वि.व्या.समितिको बैठकमा उपस्थित हुने ।
- बालसमूह सञ्जाल गठन सञ्चालन, सहजीकरण, क्षमता विकासका लागि अवसर दिने र वैठक गर्न सिकाउने ।
- भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपाङ्ग मैत्री अवधारणा अवलम्बन गर्ने ।
- बालबलिका माथि शोषण, हिंसा तथा दुर्व्यवहार गर्ने गराउनेलाई दण्डित गर्ने ।
- बालबिबाह, लागु पदार्थ बेचबिखन, बालश्रम गर्ने गराउनेलाई दण्डित गर्ने
- विद्यालय जाने उमेरका सबै बालबालिकालाई बिद्यालयको पहुँचमा पुर्याई गुणस्तरिय शिक्षणको सुनिश्चितता गर्ने ।
- बालमैत्री स्थानीय शासन युक्त विद्यालय घोषणाका लागि आवश्यक अनुगमन तथा वातावरण तयार गर्ने।
- स्थानीय सरकार सञ्चालन ऐन, नियम रणनीतिले दिएको अधिकार प्रयोग गरी वडा, नगरलाई बालमैत्री घोषणा गर्ने ।
- नगरपालिका क्षेत्रभित्रका बालबालिकालाई वडा भेला, योजना तर्जुमा समिति र सहभागीतात्मक योजना तर्जुमा प्रक्रियाका चरणमा बालबालिकाको सक्रिय सहभागीताको सुनिश्चितता गर्ने ।
- बालश्रम, बालविवाह मुक्त वडा घोषणा र निरन्तरता गर्ने
- बालविवाह हुन नदिनका लागि सरोकारवालाहरुलाई निरन्तर सचेत गर्ने गराउने ।
- कानुनी आधारमा कुलत कुसंगती न्यूनीकरणका लागि सम्बन्धित निकायको सहयोग लिई कार्य गर्ने।
- निरन्तर घरदैलो अनुगमन तथा उत्प्रेरणा जागरण गर्ने ।
- बालबालिकाहरुलाई युद्ध, नारा जुलुश, राजनीतिक कार्यक्रममा संलग्न नगराउने ।
- बालमैत्री सूचक सम्बन्धी भएका कागजात व्यवस्थापन गर्ने ।
- नगर तथा वडाहरुमा बालमैत्री शाखा स्थापना गर्ने
- अर्थपूर्ण बाल सहभागीताको लागि विषयगत सरोकारवालासँग निरन्तर समन्वय गर्ने
- शौचालयको प्रयोग, सरसफाइ तथा खुला दिशामुक्त वडा, नगर निरन्तरताका लागि सचेत रहने ।
- सबै घरधुरीमा पिउन योग्य पानीको व्यवस्थापन सुनिश्चित गर्ने
- बिद्यालयहरुका शौचालय बालमैत्री, छात्रामैत्री, अपाङ्ग मैत्री बनाउने ।
- पोषिलो खाना तथा स्थानीय रुपमा व्यवस्थापन सम्बन्धी ज्ञान, सिप, धारणाको प्रवाह गर्ने
- समुदायमा आधारित बाल संरक्षणमा काम गरिरहेका समूहसँगठनसँग निरन्तर समन्वय गर्ने
- घटना दर्ता तथा अन्य अभियान जस्ता कार्यक्रमको आयोजना तथा तथ्याङ्क अध्यावधिक गर्ने
- बाल विकास केन्द्रको अवस्था निरन्तर अनुगमन गर्ने
- बाल विकास केन्द्रको उचित व्यवस्थापन गर्ने
- उमेर पुगेका बालबालिकालाई मात्र भर्ना गर्न दिने ।
- बाल विकास केन्द्रमा दिवा खाजाको ब्यवस्था गर्ने
- बाल सहभागितामा बालमैत्री योजना छनौट गर्ने ।
- बालबालिकाका लागि आवधिक लगानी योजना निर्माण गरी कार्यान्वयन गर्ने
- बालमैत्री योजना कार्यान्वयनको अवस्था अनुगमन गर्ने ।
- बालमैत्री ऐन कानुन कार्यान्वयन गर्ने
- जेहेन्दार, उत्कृष्ट बालबालिकाकोसम्मानका लागि कार्यक्रमको निर्माण गर्ने
- बिभिन्न तहमा अर्थपूर्ण बाल सहभगिता गराउने ।

आर्थिक वर्ष २०७७।०७८ का महत्वपूर्ण उपलब्धीहरु

कृषि उपज संकलन केन्द्र निर्माणको शुरुवात भएको
औधोगिकग्राम निर्माणको शुरुवात भएको
ल्याण्डफिल्डसाईड जग्गा पहिचान गरी व्यवस्थापनको लागि समन्वय गरिएको
पशुसेवा शाखाको नव निर्मित भवनबाट सेवा प्रारम्भ भएको
बाणगङ्गा नगरपालिकाकोसँगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न भएको
बालमैत्री नगर घोषणाका सम्पूर्ण सूचकहरु पुरा गरी बालमैत्री नगर घोषणा भएको
सुरक्षित नागरिक आवाश कार्यक्रम अन्तर्गत २३४ घरधुरीहरुलाई जस्ता पाता वितरण
भूमिसम्बन्धी समस्या समाधान गर्न सबै वडाहरुबाट लगत संकलन गरी दर्ता कार्य अन्तिम चरणमा पुगेको
नगरका ६ वटा सहकारीहरुलाई एकिकरण गरिएको
कपिलवस्तु र बौद्ध शिक्षा समेटीएको स्थानीय पाठ्यक्रम तयार गरी लागू गरिएको
वडा नं.२,६ र ८को वडा कार्यालयहरु नव निर्मित आफ्नै भवनबाट सेवा संचालन भएको
वडा नं. १,३,६ र ७ मा आधारभूत स्वास्थ्यसेवा केन्द्र नव निर्मित भवनबाट संचालन गरिएको ।
मासिक बुलेटीनको शुरुवात गरिएको
२ करोड ७० लाखभन्दा बढीको बजेट विद्यालय संरचना लगाईएको
खारखानी क्षेत्रमा जडान हुने गरी १०० मेघावाट सोलार ईनर्जी प्लान्टको लागि सम्झौता भएको
गर्भवती महिलालाई बर्थिङ सेन्टर र अस्पतालसम्म जान निशुल्क एम्बुलेन्स सुविधा प्रदान गरिएको
७० वटा कानूनहरुको निर्माण गरी कार्यान्वयनमा ल्याएको
रोभिङ जेटीए मार्फत कृषकहरुको घरदैलोमा सेवा उपलब्ध गराएको
प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई सम्पन्न भएको
वास प्रोफाईल र डिजिटल नगर प्रोफाईल निर्माणको कार्य सम्पन्न भएको
८९% वित्तिय प्रगति र ११२% भौतिक प्रगती हासिल भएको
बाणगङ्गा नगरपालिका, गौतम बुद्ध मुटु अस्पताल र कपिलवस्तु जेसिजको संयुक्त पहलमा मृगौला डायलोसिस सेवाका लागि प्रारम्भिक भौतिक संरचना तयार गरिएको
पिपरा अस्पतालमा रेविज (A.R.V.) खोप सेवाको शुरुवात गरिएको
जनताको नगद लागत साझेदारीमा ३ करोड ८७ लाख बरावरको रकम नगरको संचितकोष खातामा जम्मा गरी भौतिक पूर्वाधारका योजनाहरु सम्पन्न गरिएको
खारखानी मनोरञ्जन स्पोटको डि.पि.आर. तयार
३ वटा व्याटमिंटन कोर्ट सहितको कवर्डहल निर्माण भई प्रयोगमा आएको
शान्ताकुँज मधुवन धाममा गौशाला निर्माण कार्यको सुरुवात गरिएको
शिक्षक दरवन्दी मिलानको कार्य अन्तिम चरणमा पुगेको
सबै मा.वि. र नि.मा.वि. विद्यालयहरुमा एकिकृत शैक्षिक व्यवस्थापन (EMIS) तालिम सम्पन्न
बाणगङ्गा नगरपालिकाको चक्रपथ निर्माणको लागि वडा नं.७,८,९ र ११ मा नयाँ ट्रेकको शुरुवात गरिएको
५० हेक्टर खेतीयोग्य जमिनमा सिँचाईप्रणाली जडान गरिएको
९७ हेक्टर जमिनमा वृक्षारोपण गरिएको
२५ कि.मी. कालोपत्रे, ४० कि.मी. ग्राभेल, २३ कि.मी. सडक स्तरोन्नती र १४.२६ मीटर नाली निर्माण
३३ वटा कल्भर्ट, १०२० मीटर सिंचाई कुलो नहर, २ कि.मी. विद्युतीकरण सम्पन्न भएको

वर्षे धानबालीमा प्रयोग गर्नको लागि आवश्यक रासयनिक मल प्रयाप्त भएकोले सम्बन्धित सहकारीहरुमा सम्पर्क गर्नुहुन र अन्य समस्या भएमा बाणगङ्गा न.पा.को कृषि शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

बाणगङ्गा मासिक बुलेटीन

सल्लाहकारहरु

श्री मंगल प्रसाद थारु
नगर प्रमुख

श्री चक्रपाणि अर्याल
नगर उपप्रमुख

प्रधान सम्पादक

श्री बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत

सम्पादक/भाषा सम्पादक

श्री बाबुराम भट्टराई
उपसचिव

बुलेटीन सम्पादन मण्डल

श्री रामचन्द्र मरासिनी- लेखा अधिकृत
श्री केशबराज भट्टराई - शाखा अधिकृत
श्री शान्तराज आचार्य - योजना अधिकृत
श्री सम्राट रेग्मी - सूचना प्रविधि अधिकृत
श्री सुशिला पन्त - महिला विकास निरिक्षक
श्री दिपक थापा - कम्प्युटर अपरेटर

प्रकाशक:
बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल
सम्पर्क: ०७६-५५०३८३; ०७६-५५०४७९
इमेल: bangangamun@gmail.com
info@bangangamun.gov.np
बेभसाईट: www.bangangamun.gov.np
फेसबुक पेज: HBMBanganga
गुगल प्लस कोड: M5QF+48